प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय प्रदेश नं. २

## जनकपुरधाम, धनुषा

डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्णाशुल्किय तर्फको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**प्रथम पटक प्रकाशित : २०७८/०६/१२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश २ अन्तर्गतका डिप्लोमा / प्रमाणपत्र तह पूर्ण शूल्किय तर्फ अध्ययन गर्न मिति २०७८/०४/३० र २०७८/०५/१८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम डिप्लोमा तथा प्रमाणपत्र तह पूर्ण शूल्किय तर्फ प्रवेश भर्ना प्रकृयामा छनौटका लागि तोकिएको मिति र समयमा अनलाईन फारम इन्ट्री गरिएका योग्य आवेदकहरु मध्येबाट डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृती वितरण एवं भर्ना निर्देशिका २०७४ (चौथो संसोधन २०७८) तथा उल्लेखित सूचना बमोजिम योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरिएको व्यहोरा सूचित गरिन्छ | सम्बन्धित शिक्षण संस्थाहरुले नतिजा तयार पर्ने क्रममा प्रशिक्षार्थीहरुको SLC / SEE / TSLC तहको परीक्षामा प्राप्त गरेको प्राप्तांकमा फरक पर्न गई वा नतिजा तयारीमा कुनै किसिमको त्रुटी देखिन आएमा सोको जिम्मेवार सम्बन्धित शिक्षण संस्थाहरुनै हुने व्यहोरा समेत जानकारी गराइन्छ |

छनौट भएका मुख्य उम्मेदवारहरुले यसै सूचना लाइ अधार मानि सम्बन्धित शिक्षण संस्थामा नतिजा प्रकाशन भएको मितिले १५ दिन भित्र र सोदिन बिदा परेमा कार्यालय खुलेको दिन कार्यालय समयमा आफ्नो शैक्षिक योग्यताका सक्कलै कागजपत्र, नागरिक्ता / जन्मदर्ता कागज , लक्षित वर्गमा छनौट भएको भए सोको प्रमाणपत्रहरु र प्रबेशपत्रको एक / एक प्रति प्रतिलिपि र पस्स्पोर्ट साइजको चार प्रति फोटो सहित सम्बन्धित शिक्षण संस्थामा भर्ना भई सक्नु पर्ने छ | सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानि सम्बन्धित उम्मेदवारका शैक्षिक योग्यताका सक्कलै कागजात GPA / प्रतिशत तथा अध्ययन गर्न चाहिने योग्यताका आवश्यक प्रमाण भिडाई यकिन गरि भर्ना गर्न गराउन हुन् अनुरोध छ | साथै सूचनामा उल्लेख भए बमोजिमका भर्ना प्रक्रियाका कुराहरुमा फरक पारी भर्ना गर्ने एवं भर्ना सम्बन्धि निर्देशिका २०७४ (चौथो संसोधन २०७८) बिपरित भर्ना गर्ने गराउने कार्य भएमा सोको जिम्मेवारी स्वयं सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुने र उक्त परिक्षार्थीको रजिष्ट्रेशन नहुने व्यहोरा समेत सूचित गरिन्छ | नतिजा परिषद्को website: www.ctevt.org.np र प्रदेश कार्यालयको website: www.ctevtp2.org.np मा हेर्न सकिन्छ ।

**निर्देशक**